मिति २०८०।०५।२४ गते आईतबारको दिन नेपाल धितोपत्र बोर्ड(बोर्ड)को खुमलटारस्थित कार्यालयमा जलविद्युत समूहका सूचीकृत सगठित संस्थाहरुको शेयर संरचनाको अवस्था र सोको प्रभावका सम्बन्धमा अध्ययन गर्न गठित समितिको प्रतिवेदनको सुझावका सम्बन्धमा बोर्डका पदाधिकारी तथा जलविद्युत उत्पादकहरुको प्रतिनिधि संस्था स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (ईपान) का पदाधिकारी बीच बजारमा लगानीको वातावरण कायम रहने र लगानीकर्ताको हित संरक्षण हुने गरी गरिएको छलफलमा निम्नानुसारका पदाधिकारीहरुको उपस्थिति रह्यो ।

| क्र. स. | नाम | दस्तखत |
|---|---|---|
| १. | श्री रमेश कुमार हमाल<br>अध्यक्ष, नेपाल धितोपत्र बोर्ड । | |
| २. | श्री विनयदेव आचार्य<br>कार्यकारी निर्देशक, नेपाल धितोपत्र बोर्ड । | |
| ३. | श्री मुक्तिनाथ श्रेष्ठ<br>कार्यकारी निर्देशक, नेपाल धितोपत्र बोर्ड । | |
| ४. | श्री कृष्णराज पोखरेल<br>कार्यकारी निर्देशक, नेपाल धितोपत्र बोर्ड । | |
| ५. | श्री नारायण प्रसाद शर्मा<br>उप कार्यकारी निर्देशक, नेपाल धितोपत्र बोर्ड । | |
| ६. | श्री गणेश कार्की<br>अध्यक्ष, स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल । | |
| ७. | श्री उत्तम ब्लोन<br>उपाध्यक्ष, स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल । | |
| ८. | श्री बलराम खतिवडा<br>महासचिव, स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल । | |
| ९. | श्री प्रकाश चन्द्र दुलाल<br>उप महासचिव, स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल । | |
| १०. | श्री हिम प्रसाद पाठक<br>सचिव, स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल । | |



CamScanner

मिति २०८०।०५।२४ गते आईतबारको दिन नेपाल धितोपत्र बोर्ड(बोर्ड)को बुमलटारस्थित कार्यालयमा जलविद्युत समूहका सूचीकृत संगठित संस्थाहरुको शेयर संरचनाको अवस्था र सोको प्रभावका सम्बन्धमा अध्ययन गर्न गठित समितिको प्रतिवेदनको सुझावका सम्बन्धमा बोर्डका पदाधिकारी तथा जलविद्युत उत्पादकहरुको प्रतिनिधि संस्था स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (इंपान) का पदाधिकारी बीच भएको छलफलमा बजारमा लगानीको वातावरण कायम रहने र लगानीकर्ताको हित संरक्षण हुने गरी देहाय बमोजिम गर्न उपयुक्त हुने निर्णय भयो ।

**निर्णय नं १:**

जलविद्युतको प्रारम्भिक निष्काशनलाई थप व्यवस्थित तथा पारदर्शी बनाउने सम्बन्धमा छलफल हुँदा धितोपत्र दर्ता तथा निष्काशन नियमावलीमा देहाय अनुरुपको व्यवस्था थप गर्नेः

- जलविद्युत कम्पनीले आफ्नो उद्देश्य अनुसारको कार्य गर्नका लागि आवश्यक भौतिक पूर्वाधारको प्रगति कम्तिमा ५० प्रतिशत कार्य सम्पन्न भएको विवरण कम्पनीले ऋण लिएको सम्बन्धित बैंकले प्रमाणित गरेको विवरणसहित बोर्डमा आवेदन प्रकृया अगाडि बढाउन सक्ने,
- जलविद्युत कम्पनीले भौतिक पूर्वाधारको कम्तिमा ६५ प्रतिशत कार्य सम्पन्न भएको प्रमाणित विवरण पेश गरे पश्चात मात्र बोर्डबाट अन्तिम स्वीकृति प्रदान गरिने,
- जलविद्युत कम्पनीहरुले प्रारम्भिक निष्काशनबाट प्राप्त गर्ने पुँजी बैंकको ऋण भुक्तान प्रयोजन वा कम्पनीको चालु परियोजनाको सम्पन्नका लागि मात्र प्रयोग गर्ने सञ्चालक समितिको प्रतिवद्धता पेश गर्नुपर्ने,
- जलविद्युत कम्पनीको परियोजनाको Internal Rate of Return-IRR बाह्र प्रतिशत भन्दा बढी भएको हुनुपर्ने ।

**निर्णय नं २:**

नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत रही कारोबार भईरहेकोमा जलविद्युत कम्पनीहरुले निष्काशन गर्ने हकप्रद सेयरको निष्काशनलाई व्यवस्थित गर्ने सम्बन्धमा छलफल हुँदा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिकामा निम्नानुसारको व्यवस्था थप गर्नेः

- जलविद्युत कम्पनीले नयाँ परियोजनामा लगानी गर्ने गरी हकप्रद निष्काशन गर्ने भएमाः
  - क) कम्पनीको नेटवर्थ चुक्ता पूँजी भन्दा कम नरहेको हुनुपर्ने तर यो व्यवस्था आगामी दिनमा बोर्डमा दर्ता हुने कम्पनीको हकमा मात्र लागू गर्ने । साथै बोर्डमा निवेदन दर्ता गरिसकेका कम्पनीको हकमा लागू नहुने व्यवस्था गर्ने,
  - ख) सूचीकृत जलविद्युत कम्पनीले हकप्रद निष्काशन गर्ने भएमा आयोजनाबाट विद्युतको व्यापारिक उत्पादन (Commercial Operation) भईसकेको हुनुपर्ने,
- जलविद्युत कम्पनीले प्रारम्भिक निष्काशनका वखत नै परियोजनामा थप लगानी गर्ने वा ऋण चुक्ता गर्न हकप्रद निष्काशन गर्नुपर्ने अवस्था भएमा हालको व्यवस्था लागू हुने,
- हकप्रद सेयर निष्काशन गर्दा नयाँ परियोजनाको लागि आवश्यक हुने रकम दुई पटकमा उठाउन सक्ने व्यवस्था गर्ने ।



CamScanner

**निर्णय नं ३:**

सूचीकृत जलविद्युत कम्पनीहरुको संस्थापक सेयरको लकइन पछि बिक्री गर्ने व्यवस्था सम्बन्धमा लगानीकर्ताहरुबाट गुनासो प्राप्त भएको सन्दर्भमा उक्त कार्यलाई पारदर्शी बनाउनका लागि देहाय अनुरुप व्यवस्था गर्ने:

- जलविद्युत कम्पनीको नियमावलीको व्यवस्था अनुरुपको लकइन अवधि सकिए पश्चात संस्थापकको रुपमा रहेका शेयरधनीले शेयर बिक्री गर्नका लागि कम्पनीले अनिवार्यरुपमा विद्युतको व्यापारिक उत्पादन(Commercial Operation) गरेको हुनुपर्ने,
- उपर्युक्त अनुसारको सेयर बिक्री गरेपछि हुने संचालक समितिको परिर्वतन सम्बन्धमा जलविद्युत कम्पनीको संचालक समितिबाट निर्णय गरी कम्पनीको आगामी साधारण सभाबाट प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने र सोको जानकारी बोर्डमा समेत गराउनुपर्ने,
- जलविद्युत कम्पनीको संस्थापक समूह लगायतका आधारभूत शेयरधनीले ग्रहण गरेको शेयरको लकइन अवधि खुलेको सम्बन्धी जानकारी बोर्ड तथा धितोपत्र बजारलाई दिनुपर्ने तथा सो सम्बन्धी जानकारी सम्बन्धित कम्पनीको वेबसाईट तथा कम्तिमा एक राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी लगानीकर्ताहरुलाई समेत जानकारी दिनुपर्नेछ। साथै कम्पनीले सूचना प्रकाशन गरेको १५ दिन पछि मात्र सेयर कारोवार शुरु गर्न सकिनेछ।

**निर्णय नं ४:**

- सूचीकृत कम्पनीहरुको संस्थागत सुशासनको अवस्थालाई थप सुदृढ बनाउन प्रचलित कानुनको व्यवस्थासँग सामञ्जस्यता कायम गरी स्वतन्त्र सञ्चालकको भूमिकालाई सशक्त र प्रभावकारी बनाउन बोर्डबाट स्वतन्त्र सञ्चालकको योग्यतासहितको रोस्टर तयार गर्ने साथै स्वतन्त्र सञ्चालकबाट पालना गर्नुपर्ने व्यवस्था र प्रवाह गर्नुपर्ने विवरण लगायत आवश्यक कुराहरु तोकिदिने व्यवस्था पूर्णरुपमा पालना भएको हुनुपर्ने।
- बोर्डबाट तोकिएका स्वतन्त्र सञ्चालक सम्बन्धी व्यवस्था सूचीकृत कम्पनीहरुले पूर्णरुपमा पालना गर्नुपर्ने।



CamScanner